# हात्तीसँग सावधानीपूर्वक जीउने तरीका



काका ! काका ! हाम्रो गाउँमा हात्ती आउन लाग्यो, एउटा दाइ हात्ती यतातिर आउँदै गऱ्या भर्खर देखेको मैले ।



ए हो ? ल लौरो, भाला, फटारो लिएर निस्क त सबजना ! हात्तीलाई लखेट्न पऱ्यो ।



पर्खनुस् अंकल ! त्यसरी हतारिनु हुँदैन । हात्तीलाई चोट लाग्ने गरी हिर्काउँन पनि हुँदैन । त्यसो गर्दा हात्ती झन् रिसाएर आक्रमण गर्न सक्छ ! खतरा हुन्छ ।



मैले भनेको मान्नुहुन्छ भने बरू सबैजनाले टर्च, आगो बाल्ने रााँको र ठटाएर आवाज निकाल्ने टिन वा ड्रम निकाल्नुहोस् ।



हात्ती लखेट्न कोहि पनि एक्लै जान हुँदैन । हात्ती घर नजिकै छ भने एक्लै घरबाट निस्कनु हुँदैन ।



हात्ती लखेट्दा चारैतिरबाट घेरा हाल्नुहुँदैन, सधैं हात्ती भाग्ने बाटो छोड्नुपर्छ, भाग्ने बाटो नपाएर हात्ती आत्तिएर आक्रमण गर्न सक्छ ।



हात्तीको धेरै नजिक जानु हुँदैन । अलि टाढैबाट आफु सुरक्षित हुने गरी मात्र हात्ती लखेट्नुपर्छ ।



हात्तीलाई चोट लाग्ने गरी ढुँगा, भाला, फटारो आदिले हान्न हुँदैन । चोट लागेको हात्ती झन् रिसाएर विध्वंस मच्चाउन सक्छ ।





सुरक्षित दुरीमा रहेर टाढैबाट चोट नलाग्ने गरी हात्तीलाई लखेट्नुपर्छ । आगो बालेर, टिन ठटाएर वा अन्य उपायबाट हात्तीलाई उनीहरूकै वासस्थान जङ्गलतिर सुरक्षित हिसाबले फर्काउनुपर्छ । यसरी जनधनको सुरक्षा गर्न सकिन्छ ।



यति मात्र हैन, हामीले हात्ती सँगै बाँच्न पनि सक्नुपर्छ । यसका लागि निम्नानुसार गरौं ।



घरमा जाँड रक्सी पार्ने वा राख्ने नगरौं, हात्ती आएको बेला जाँड रक्सी खाएर बाहिर ननिस्कौं ।



हात्तीलाई मनपर्ने केरा, उखु, मकै, धान जस्ता खानेकुराहरू हात्ती आउने क्षेत्रमा नलगाऔं ।



घर वरपर खुल्ला राखौं । हात्तीलाई मनपर्ने खानेकुराहरू घर नजिकै नलगाऔं । सुत्ने ठाउँ नजिकै खानेकुरा नराखौं । जङ्गल र बस्तीको बीचमा हात्तीलाई छेकबार (विद्युतीय तारबार, सिउँडी वा बाँसको बार आदि) लगाऔं । हात्ती आएको थाहा पाए वरपरका सबैलाई जानकारी दिऔं । हात्तीबाट जोगिने उपाय बारे गाउँघरमा छलफल गरौं ।

Rufford Small Grants को आर्थिक सहयोगमा सञ्चालित 'हात्तीसँग सहयात्रा' परियोजनाद्वारा प्रकाशित

NTNC
Wild CAN Wildlife Conservation Association Nepal
Awely
The Rufford Foundation www.rufford.org

यस्ता विषयहरूमा हामी सबै सचेत हुनु जरूरी छ । जंगल छेउ बस्ने बासिन्दाहरूले हात्तीसँग मिलेर बाँच्ने कला सिक्न सकेमा दुवै प्राणी मिलेर बस्न सकिन्छ । हात्तीसँग सहअस्तित्वका लागि निम्न अनुसारका सतर्कताहरू अपनाउनु पर्छ ।

- हात्ती जुनबेला पनि आफ्नो क्षेत्रमा आउन सक्छ भन्ने ख्याल राख्ने । आफू हात्ती भएको क्षेत्रमा रहेको कुरा नबिर्सने ।
- हात्ती कता छ जानकारी राख्ने । हात्ती आएको थाहा पाउनासाथ सकेसम्म छिटो सुरक्षित स्थानमा बस्ने । अन्न, खेति वा घर भन्दा पहिले ज्यान जोगाउने ।
- आफ्नो गाउँघर नजीक हात्ती आएको थाहा पाए एक्लै नहिँड्ने । सकेसम्म रातीमा बाहिर ननिस्कने ।
- हात्ती आएको बेला मदिरा सेवन नगर्ने तथा मदिरा सेवन गरी बाहिर ननिस्कने । जाँड रक्सी लगायत कडा गन्ध आउने खालका खानेकुराहरू घरमा नराख्ने । राख्न परे छोपेर, गन्ध कम हुने गरी राख्ने । यस्ता कडा गन्धले हात्तीलाई आकर्षित गर्दछ ।
- हात्तीहरू खानेकुराको लोभले गाँउ पस्ने गर्छन् । खानेकुरा खाने क्रममा मान्छेलाई आक्रमण गर्न सक्छन् । त्यसैले सुत्ने ठाँउ नजिक खानेकुरा नराख्ने ।
- जंगल र बस्तीको बीचमा हात्तीलाई छेकबार (विद्युतीय तारबार, सिउँडी वा बाँसको बार आदि) लगाउने ।




- घर बाहिर बिजुली बत्ती वा आगो बालेर उज्यालो राख्ने ।
- धम्किलो लुगा लगाएर जंगल नजाने । जंगल जाँदा समुहमा जाने, हल्ला नगर्ने, चनाखो रहने । हात्तीको पाइला, दिसा तथा घरेको चिन्हहरू ख्याल गर्ने । हात्ती देखेमा नआत्तिने, सजगताका साथ सुरक्षित स्थानतर्फ लाग्ने ।
- घर नजिक भाडी राखेमा आएको हात्ती देख्न गाह्रो पर्छ । त्यसैले बाँस, केरा, कटहरजस्ता भाडी हुने रूख घर नजिकै नलगाउने । हात्तीलाई मनपर्ने खानेकुराहरू घर नजीकै नलगाउने ।
- खेतिबालीमा परिवर्तन - हात्तीलाई आकर्षित गर्ने खेतीबाली (धान, मकै, केरा, उखु आदि) को साटो मन नपर्ने बाली (अदुवा, लेमन, पत्मफुल, माछा पालन, मेन्था, जुट, कागती, खुर्सानी, मिर्च आदि) लगाउने ।
- आफू तथा परिवारका सबै सुरक्षित भएपछि मात्र हात्ती लखेट्ने । हात्ती लखेट्न पर्दा आफू सुरक्षित रहने गरी मात्र लखेट्ने । हात्ती लखेट्न समुहमा मात्रै जाने, एक्लै नजाने ।




- हात्तीको धेरै नजिक नजाने । हात्ती लखेट्दा ठूलो टर्च, आगोको राँको वा अवाज दिने ड्रम र टिन आदि लिने ।
- हात्तीलाई लखेट्दा चारैतिरबाट घेरा नहाल्ने । भाग्ने बाटो नपाएमा हात्ती आत्तिएर मान्छेलाई आक्रमण गर्न सक्छ । सधै हात्तीलाई भाग्ने बाटो छोड्ने ।




- हात्तीको अवस्थाबारे जानकारी राख्ने । आँखा भन्दा तलबाट माद निस्के ननिस्केको ख्याल गर्ने । मातेको बेलामा हात्ती मानिससँग डराउँदैन, अत्यधिक सजगता अपनाउने ।
- हात्ती आएको थाहा पाए वरपरका सबैलाई जानकारी दिऔं । हात्तीबाट जोगिने उपायबारे गाउँघरमा छलफल गरौं ।
- आफ्नो क्षेत्रको विद्युतीय तारबारको नियमित मर्मतसम्भार गरौं । जंगली हात्ती नियन्त्रणका लागि विद्युतीय तारबार सबैभन्दा उत्तम मानिन्छ ।

**थप जानकारीको लागि**

**सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष तथा जिल्ला वन कार्यालयहरूमा सम्पर्क गर्नुहोला ।**

# हात्तीसँग सहअस्तित्व

## हात्तीसम्बन्धी जानकारी तथा मानव-हात्ती सहअस्तित्वका लागि स्थानीयस्तरमा अवलम्बन गर्नुपर्ने व्यावहारिक उपायहरू



Rufford Small Grants को आर्थिक सहयोगमा
'हात्तीसँग सहयात्रा' परियोजनाद्वारा प्रकाशित
www.jungalihatti.blogspot.com

NTNC
Wild CAN
Rufford

## परिचय

पाँच टन वजन र करिब ३ मीटर अग्लो शरीर हुने हात्ती जमीनमा पाइने सबैभन्दा ठूलो जीव हो । अफ्रिकी तथा एसियाली गरी हात्तीका दुई प्रजाति रहेका छन् । अफ्रिकी हात्ती अफ्रिकामा करिब ४ लाखको संख्यामा रहेका छन् भने एसियाली हात्ती नेपाल लगायत एसियाका १३ देशमा करिब ३५-५० हजारको संख्यामा रहेका छन् ।



एसियाली हात्ती



अफ्रिकी हात्ती

पछिल्लो समयमा वासस्थान विनाश, चोरीशिकार तथा मानव-हात्तीको द्वन्द्वका कारणले हात्तीको संख्या तीव्रतर दरले घटिरहेकाले हात्ती ठूलो संकटमा परेका छन् । नेपालका तराई तथा चुरेक्षेत्रमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म नै हात्तीहरू परापूर्वकालदेखि विचरण गर्ने गरेको पाइन्छ । हाल नेपालमा करिब २०० जंगली हात्तीहरू छुट्टाछुट्टै चारवटा भूभाग १) कोशी देखि झापासम्म (७-१५), २) चितवन देखि सर्लाहीसम्म (४०-६०), ३) बर्दिया (८०-१२०) अनि ४) शुक्लाफाँटा (१०-१५) मा रहेका छन् ।

## शारीरिक बनोट तथा आनिबानी

हात्ती भन्ने बित्तिकै भीमकाय शरीर, ठूला कान, साना आँखा, बहुउपयोगी सुँड र बाहिर निस्केका दाह्रा भएको जनावरको चित्र हाम्रो दिमागमा आउँछ । हात्तीको सुँड विशेष अंग हो जो सास फेर्न, दाह्राको गन्ध सुँघ्ने, पानी पिउने, खानेकुरा समेटेर मुखमा हाल्ने आदि कामका लागि प्रयोग हुन्छ । यो जति संवेदनशील हुन्छ, त्यति नै बलियो पनि हुन्छ । यसले भुईंबाट सानो भन्दा सानो चिज (जस्तै सिक्का) देखि ठूला-ठूला काठ तथा गह्रौं वस्तु पनि उठाउन सक्छ । प्रायः भाले हात्तीका बाहिर निस्केका लामा दुईवटा दाह्रा हुन्छन् भने पोथीको दाह्रा अलिकति मात्र बाहिर निस्केको हुन्छ ।

हात्तीको औसत आयु ६०-८० वर्ष हुन्छ । पोथी ८-१० वर्षको हुँदा पहिलो गर्भधारण योग्य हुन्छ भने भाले १५ वर्षको हुँदा प्रजनन योग्य



हुन्छ । हात्तीको देख्ने शक्ति मध्यम हुन्छ तर सुन्ने र सुँघ्ने शक्ति अत्यन्तै राम्रो हुन्छ । एकआपसमा संचारका लागि तथा समूहको सुरक्षाको लागि हात्तीले विभिन्न खाले आवाजहरू निकाल्छन् । जोडले निकालेको आवाजले विरोध जनाउँदछ भने सानो तथा दबेको स्वरले खुसी जनाउँछ । त्यस्तै सुँडलाई फड्कारेर वा जमीनमा बजारेर निकाल्ने आवाजले डर जनाउँछ ।

हात्ती समूहमा बस्ने प्राणी हो । सामान्यतया एउटा समूहमा मत्ता (भाले), दोई (पोथि) तथा छावा (बच्चा) हरू गरी १०-१५ हात्ती हुन्छन् जसको नेतृत्व एउटा पोथि हात्तीले गरेको हुन्छ । कतिपय अवस्थामा मत्ताहात्तीहरू एक्लै पनि हिंड्ने गरेको भेटिन्छ ।

हात्ती शाकाहारी जनावर हुन् । ठूलो शरीर र पाचनशक्ति कमजोर हुने हुनाले तिनीहरूलाई नियमित रूपमा खाइरहनु पर्दछ जसका लागि करिब ७०-८०% समय खर्चिन्छन् । त्यसैले हात्तीलाई वासस्थानको लागि ठूलो क्षेत्र आवश्यक पर्दछ । खाना, पानी आदिको अवस्था, मौसम हेरी तिनीहरू नियमित रूपमा एक ठाउँबाट अर्को ठाउँमा बसाईं सराईं गर्दछन् । यसरी बसाईं सराईं गर्न तिनीहरूले प्रायः एउटै बाटो प्रयोग गरेको पाइन्छ । कतिपय यस्ता बाटाहरूको विनाशका कारण हात्तीको परम्परागत विचरण प्रक्रियामा असर परेको तथा मानव-हात्ती द्वन्द्वमा वृद्धि गरेको पनि देखिन्छ ।

## कानुनी प्रावधान

हात्ती राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनद्वारा संरक्षित जनावर हो । CITES को अनुसूची-१ मा सूचीकृत भएकाले जङ्गली हात्ती तथा यसको अङ्गहरूको अन्तराष्ट्रिय व्यापारमा पूर्ण रोक लगाएको छ । त्यस्तै नेपालमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को धारा २६ (१) अनुसार गैरकानुनी तरिकाले जंगली हात्तीलाई मार्ने, घाइते बनाउने तथा ओखेटोपखार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचास हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय" को व्यवस्था गरेको छ । हात्तीले आक्रमण गरी घाइते वा मृत्यु भएमा, घर गोठ भत्काएमा, भण्डार गरेको अन्न खाएमा वा बालिनालि नोक्सान गरेमा राहत निर्देशिका २०६९ र यसको तेस्रो संशोधन २०७५ अनुसार राहतको समेत व्यवस्था गरेको छ ।

## हात्तीले गर्ने क्षति र कारणहरु



हात्तीहरू जंगलबाट खेतबारी र गाउँमा निस्केर खेतिबाली वा संग्रहित अन्न खाइदिने, घरगोठ भत्काउने, घाइते बनाउने वा मार्ने क्रम केही दशकयता वृद्धि हुँदै गएको छ । कहिलेकाहीं गाउँलेहरूले पनि हात्तीलाई घाइते पार्ने वा मार्ने समेत गरेको पाइन्छ । प्रायःजसो यस्ता घटना हात्तीले परापूर्वकालदेखि विचरण गर्ने गरेका वनक्षेत्र विनाश गरी बसालिएका बस्तीहरूमा बढी हुने गरेका छन् । जंगलमा आहाराको मात्रा कमी हुने मौसममा हात्तीलाई मनपर्ने खालका खेतिबाली जंगल नजिक रोपिएको स्थानहरूमा पनि हात्तीले क्षति गरेको भेटिन्छ । कहिलेकाहीं एउटा जंगलबाट अर्को जंगलमा जाँदा बीचमा पर्ने बस्तीमा पनि हात्तीले केही नोक्सानी गर्ने गर्छन् । त्यसैले हात्तीले क्षति गर्नुमा हात्तीप्रतिको हाम्रो व्यवहार तथा क्रियाकलाप पनि कारक छ भन्ने स्वीकार गर्न जरुरी छ ।

## हात्तीसँग सहअस्तित्व कसरी?

लोपोन्मुख तथा महत्वपूर्ण जनावर भएकाले हात्तीको संरक्षण राष्ट्रिय प्राथमिकतामा परेको छ । हात्तीबाट जीउधनको क्षति हुन नदिनु पनि हात्ती संरक्षणकै अर्को पाटो हो । हात्ती एक शान्तिप्रिय जनावर हो । स्वभावैले तिनीहरू मानिसदेखि टाढै बस्न रुचाउँछन् । पूर्ण शाकाहारी भएकाले आहाराको लागि मान्छे तथा अन्य जनावर मार्ने आवश्यकता देखिँदैन । तर पनि हात्तीहरू किन बस्तिमा आउँछन् र क्षति गर्छन्? हात्तीबाट हुनसक्ने हानीबाट जोगिन के गर्नुपर्छ ?